अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा युवा तथा खेलकुद शाखा

प्याउली, भोजपुर

प.सं. २०८०/८१

कोशी प्रदेश,नेपाल

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन हुने सम्बन्धी सूचना**

**(प्रकाशित मितिः २०८०/०९/०८)**

श्री सबै माध्यमिक विद्यालयहरू

अरूण गाउँपालिका, भोजपुर।

उपरोक्त सम्बन्धमा गाउँ शिक्षा समितिको मिति २०८०/०८/२८ गतेको तथा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापत तथा निर्देशन समितिको मिति २०८०/०९/०५गतेको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८० तपसिलको मिति, समय, स्थान र शर्तहरू बमोजिम प्रतियोगिता सञ्चालन हुने भएकोले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (संशोधन सहित) अनुसार त्यस विद्यालयमा माध्यमिक तहमा अध्ययनरत १८ बर्ष मुनिका विद्यार्थीहरूलाई खेलकुद प्रतियोगितामा सहभागी गराउनु हुन अनुरोध छ ।

**तपसिल**

१. प्रतियोगिता सञ्चालन हुने मिति २०८० साल पुष२७, २८ र २९ गते ।
२. स्थानः श्री विश्वप्रेमी माध्यमिक विद्यालय अरूण-५, याकु भोजपुर।
३. समयः- बिहान १० बजे ।
४. खेलमा सहभागी हुने विद्यार्थी चालु शैक्षिक सत्रमा १८ बर्ष पूरा नभएको, कक्षा १२ सम्म नियमित रूपमा अध्ययनरत रहि विद्यालयको IEMIS मा प्रविष्ट भएको हुनुपर्नेछ ।
५. सहभागी प्रत्येक खेलाडीले एक ट्र्याक दुई फिल्ड वा दुई फिल्ड एक ट्र्याकका खेलमा सहभागी हुन पाउनेछन् । रिले दौडमा २ ट्र्याक १ फिल्ड वा २ फिल्ड वा १ ट्र्याकको नियम लागू हुनेछ ।
६. खेलमा सहभागी हुने विद्यार्थीहरूको विवरण आयोजक विद्यालयले उपलब्ध गराएको फाराम भरी उमेर खुल्ने कागजात संलग्न राखी मिति २०८०पुष२७ गते ९.०० बजेसम्म विश्वप्रेमी मा. वि. मा दर्ता गराइसक्नु पर्नेछ ।

मोहन सिह साउद
शिक्षा अधिकृत

७. खेलमा सहभागी हुने विद्यालय तथा खेलाडीहरुको नाम सहितको खेल तालिका मिति २०८०पुष२७ गते १० बजे कार्यालय समयभित्र प्रकाशन गरिनेछ ।

८. प्रतियोगिताको उद्घाटनको दिन विद्यालयहरूले राष्ट्रिय झण्डा, ब्यानर सहित खेलाडीहरू मार्चपासका लागि उपस्थित हुनुपर्नेछ ।

<u>प्रतियोगितामा समावेश गरिने खेलहरू:</u>

<u>भलिवल तर्फ</u>

छात्र/छात्रा (प्रति विद्यालय ९/९ जना खेलाडी)

<u>एथलेटिक्स ट्र्याक तर्फ</u>

<u>छात्र:</u> १०० मिटर,२००मिटर,४००मिटर र ८०० मिटर र१५००मिटर (प्रति विद्यालय १/१ जना खेलाडी)

४*१००मि. रिले, ४*४०० मिटर रिले (प्रति विद्यालय ४/४ जना खेलाडी)

<u>छात्रा:</u> १०० मिटर र ४०० मिटर र ८००मिटर (प्रति विद्यालय १/१ जना खेलाडी)

४*१००मि. रिले, ४*४०० मिटर रिले (प्रति विद्यालय ४/४ जना खेलाडी)

<u>उफ्रने र फ्याक्ने (फिल्डतर्फ)</u>

- ट्रिपलजम्प छात्र/छात्रा (प्रति विद्यालय १/१ जना खेलाडी)
- लङजम्प छात्र/छात्रा (प्रति विद्यालय १/१ जना खेलाडी)
- हाइजम्प छात्र/छात्रा (प्रति विद्यालय १/१ जना खेलाडी)
- सटफुट (छेलो) छात्र/छात्रा (प्रति विद्यालय १/१ जना खेलाडी)
- ज्याभलिङ थ्रो छात्र/छात्रा (प्रति विद्यालय १/१ जना खेलाडी)

बोधार्थः श्री सूचना प्रविधि शाखा, अरुण-३,प्याउली भोजपुर
सूचना वेबसाइडमा अपलोड गरिदिनु हुन ।

(मोहन सिह साउद)
शिक्षा अधिकृत

मोहन सिंह साउद
शिक्षा अधिकृत